# अनुसूची -१

(दफा ४ को खण्ड सँग सम्बन्धित)

महालक्ष्मी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

ललितपुर

उम्मेदवारको पासपोर्ट साइजको फोटो

## बाल विकास शिक्षक पदको प्रतियोगीतात्मक परीक्षाको दरखास्त फाराम

१. व्यक्तिगत विवरण:

उम्मेदवारको नाम,थर (देवनागरीमा) : ..........................................................................

(अङ्ग्रेजी ठूलो अक्षरमा) : ...................................... लिङ्ग :.............

नागरिकता नं. ......................जारी गरेको जिल्ला :.............................. मिति :............................

स्थायी ठेगाना जिल्ला :........................गा.पा./न.पा./उ.म.न.पा/म.न.पा :.........................................

वडा नं.: टोल.............................. पत्राचार गर्ने ठेगाना : ................................................

इमेल : ..........................................................................

बाबुको नामथर : ............................................................

आमाको नामथर:.....................................................

बाजेको नामथर:...............................................

पति/पत्नीको नामथर : ...........................................

जन्ममिति: साल........... महिना.............. गते......... : वि.सं.मा : इ.सं..........................................

दरखास्त दिने अन्तिम मितिसम्मको उमेर : वर्ष :........ महिना .......... दिन : ............।

२. शैक्षिक योग्यतासम्बन्धी विवरण

| क.स | अध्ययन गरेको संस्थाको नाम | उत्तीर्ण गरेको | | | कूल प्राप्तांक | प्रतिशत | मुख्य विषयहरू |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | श्रेणी | | | |
| | | | | | | | |

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

३. तालिमको विवरण

| क.स | तालिम दिने संस्थाको नाम र ठेगाना | तालिमको नाम | विषय | परीक्षा उत्तीर्ण गरेको साल वि.सं./इ.स. | श्रेणी | प्रतिशत | तालिमको अवधि | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | देखि | सम्म |
| | | | | | | | | |
| | | | | | | | | |

४. अनुवभको विवरण

| क. स | अध्यापन गरेको विद्यालयको नाम | वर्ष | महिना | अवधि | |
|---|---|---|---|---|---|
| | | | | देखि | सम्म |
| | | | | | |
| | | | | | |

४. बाल विकास शिक्षक  शिक्षक पदको खुला परीक्षाको परीक्षा दस्तुर बापतको रकम : ........./( बैक भौचर नम्बर ................ मिति ................. मा दाखिला गरेको सक्कल भौचर र दरखास्त फारामसाथ संलग्न कागजातहरूको फोटोकपीमा सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी थान ........... यसैसाथ पेस गरेको छु ।

५. यस दरखास्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरू सत्य छन् । उम्मेदवारका लागि दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ती सर्तहरू पालन गर्न मञ्जुर गर्दछु । लेखिएको विवरण झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला । साथै यस निर्देशिकाको उपनियम (१) को खण्ड (क-घ) बमोजिम उम्मेदवार हुन अयोग्य नभएको व्यहोरा समेत अनुरोध गर्दछु ।

उम्मेदवारको ल्याप्चे सहीछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखत

मिति : २०  /  /

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश
ललितपुर
२०७३

# प्रवेश पत्र

उमेदवारको पासपोर्ट साइजको फोटो

परीक्षार्थीको नाम: ..........................................

पद:.................................

परीक्षार्थीको सिम्बोल नं. .......................................

परीक्षार्थीको ठेगाना:

..............................जिल्ला..................गा.पा. / न.पा. / उ.न.म.पा. / म.न.पा........................

.वडा नं........ टोल......................................

उम्मेदवारको दस्तखत

..............................

केन्द्राध्यक्षको दस्तखत:

## परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरू

१. परीक्षार्थीले परीक्षा भवनमा परीक्षा दिन आउँदा प्रवेश पत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।
२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन ।
३. लिखित परीक्षा उत्तीर्ण हुनेले अन्तर्वार्ता हुने दिनमा प्रवेशपत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।
४. उत्तर पुस्तिकामा नाम थर, रोल नम्बर आदि विवरण लेखेको कभरपेजको ठीक पछाडिको पृष्ठमा उत्तर लेख्नु हुँदैन ।
५. समितिले तोकेको परीक्षा केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा दिन पाइने छैन ।
६. वस्तुगत परीक्षा दिंदा तोकिएको स्थानमा प्रश्नको सङ्केत नम्बर अनिवार्य रुपमा लेख्नुपर्नेछ । अन्यथा परीक्षा रद्द हुनेछ।
७. परीक्षामा सिसाकलम प्रयोग गर्न पाइने छैन । सो प्रयोग गरेको पाइएमा परीक्षा रद्द हुनेछ ।
८. वस्तुगत परीक्षाको उत्तरपुस्तिका बुझाई सकेपछि मात्र विषयगत परीक्षाका लागि प्रश्नहरू दिई परीक्षा दिनु पर्नेछ ।
९. परीक्षा सुरू हुनुभन्दा ३० मिनेट अगाडि जनाउ घण्टीले सूचना गरेपछि परीक्षा भवनमा प्रवेश गर्नु पर्नेछ ।
१०. परीक्षा सुरू भएको आधा घण्टापछि आउने परीक्षार्थीलाई परीक्षा हलमा पवेश गर्न दिइने छैन ।
११. परीक्षा सुरू भएको एक घण्टा व्यतित नभएसम्म परीक्षा भवनबाट वाहिर जान पाइने छैन ।
१२. परीक्षा भवनमा किताव, कापी, कागज, चिट आदि लैजान पाइने छैन । परीक्षार्थीले आपसमा कुराकानी र सङ्केत गर्न पाइनेछैन ।
१३. आफूलाई चिनाउने कुनै सङ्केत, फोन, मोबाइल नं. आदि उत्तरपुस्तिकामा लेख्न पाइने छैन । लेखेमा परीक्षा रद्द हुनेछ ।
१४. परीक्षा भवनमा अनुचित काम गरेमा प्रचलित कानुन तथा शिक्षण सहगागी शिक्षक छनोट समितिको निर्णय अनुसार कारवाही हुनेछ ।
१५. सरुवा रोग लागेको परीक्षार्थीले परीक्षा सुरू हुनु अगावै केन्द्राध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्ने छ। केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थीको पहिचान गरी परीक्षा दिन लगाउन आवश्यक व्यवस्था गर्न सक्ने छ ।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश
२०७३

**अनुसूची -२**

(दफा ७ सँग सम्बन्धित)

# महालक्ष्मी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# ललितपुर

## पहिलो खण्ड

## प्रारम्भिक बाल विकास शिक्षकको प्रतियोगीतात्मक वस्तुगत परीक्षाको पाठ्यकम २०७९

## पूर्णाङ्क: २०

**एकाइ एक: विश्वको भूगोल तथा नेपालको भूगोल, इतिहास, संस्कृति, सामाजिक, आर्थिक व्यवस्था र विकासक्रम :**

१.१ पृथ्वीको सामान्य परिचय, उत्पति र गति ।

१.२ महासागर, महादेश, भौगोलिक क्षेत्र र विशेषता ।

१.३ नेपालको भौगोलिक अवस्था, धरातलीय स्वरुप, किसिम र विशेषता, प्राकृतिक स्रोतहरु, किसिम, उपलब्धता र उपयोगको अवस्था ।

१.४ नेपालको भौगोलिक विविधता र जनजीवन ( हावापानीको किसिम, विशेषता र त्यसको प्रभाव )

१.५ :नेपालको आधुनिक इतिहास, महत्वपूर्ण राजनीतिक घटनाक्रम ।

१.६ : नेपाली समाजको बनौट, सामाजिक प्रथा, परम्परा, मूल्य र मान्यता, सांस्कृतिक सम्पदा, किसिम, स्थिति, विशेषता, महत्व र संरक्षण ।

१.७ : नेपालको अर्थतन्त्रको स्वरुप, विकासका पूर्वाधारहरु (शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, यातायात, विद्युत् र पर्यटन) ।

**एकाइ दुई : वातावरण, विज्ञान,सूचना तथा सञ्चार प्रविधिको सामान्य ज्ञान :**

:

२.१ : दिगो विकास, नेपालको जलवायुको अवस्था, हरितगृह प्रभाव, वातावरण प्रदूषण ।

२.२ : पारिस्थितिक पद्धति (Ecos-ystem)को परिचय र प्रकार ।

२.३ : जनसाङ्ख्यिकीय, सहरीकरण र बसाइँसराइ र प्रभाव ।

२.४: जैविक प्रविधि र वैकल्पिक उर्जा ।

२.५: विज्ञान र प्रविधिको विकास ।

२.६ : कम्प्युटरको परिचय, प्रकार, हार्डवेय र सफ्टवेयर सम्बन्धी आधारभूत ज्ञान, अफिस प्याकेज, (वर्ड, एकसेल, पावर प्वाइण्ट) इमेल, इन्टरनेटको आधारभूत ज्ञान ।

२.७ : विद्यालयमा प्रयोग गरिने साधारण सफ्वेयर सम्बन्धी आधारभृत ज्ञान ।

२.८ : शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग ( श्रव्य, दृश्य तथा अन्तरक्रियात्मक डिजिटल सामग्री, इ पुस्तकालय) विकास र व्यवस्थापन ।

२.९ : साइबर अपराध र सुरक्षा सम्बन्धी आधारभूत ज्ञान ।

**एकाइ तीन : संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमहरु**

३.१ : नेपालको संविधान ( मौलिक हक र राज्यका निर्देशक सिद्धान्तहरु) ।

३.२ : शिक्षा ऐन २०२८ (संशोधन समेत) ।

३.३ : शिक्षा नियमावली २०५९ (संशोधन समेत)

३.४: महालक्ष्मी नगरपालिकाको शिक्षा ऐन २०७६ ।

३.५: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (शिक्षा सम्बन्धी)

३.६: प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यकम २०७७

**एकाइ चार : शिक्षा, शिक्षा मनोविज्ञान, सिकाइ, पाठ्यक्रम, शिक्षण विधि, विद्यार्थी मूल्याङ्कन र परीक्षा :**

४.१ : शिक्षाको परिचय र नेपालको शैक्षिक विकास ( शिक्षाको अर्थ, परिभाषा, स्वरुपहरु/प्रकारहरु, उद्देश्यहरु र कार्यहरु), नेपालको आधुनिक शैक्षिक इतिहास, शैक्षिक सङ्गठन र संरचना ।

४.२ : शिक्षा मनोविज्ञानको अर्थ, अवधारणा, आवश्यकता र महत्व, मानव विकास (वृद्धि र विकासको अवधारणा, चरण र विशेषता), उत्तर बाल्यावस्थाको विशेषता, उत्तर वाल्यावस्थामा देखा पर्ने परिवर्तनहरु (शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक परिवर्तन) र रुचिहरु ।

४.३ : सिकाइका सिद्धान्तहरुको परिचय, विशेषता, शैक्षिक उपयोगिता, कार्यपरक सम्बन्धन सिद्धान्त ।

४.४ पाठ्यक्रमको परिचय, अवधारणा, उद्देश्य, क्षेत्र र क्रम, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, पाठ्यक्रममा विविधता व्यवस्थापन, स्थानीय  पाठ्यकम, एकीकृत पाठ्यक्रम, पाठ्यकम-पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको अन्तर सम्बन्ध ।

४.५: शैक्षणिक यौजनाको परिचय, अवधारणा, वार्षिक कार्ययोजना, वार्षिक शैक्षणिक योजना, एकाइ योजना र दैनिक पाठयोजना, शिक्षण सिकाइ विधिको अर्थ,  शिक्षक केन्द्रीत शिक्षण विधि, अन्तरक्रियात्मक शिक्षण विधि, विद्यार्थी केन्द्रीत शिक्षण विधि, शिक्षण सामग्रीको अर्थ,  वर्गीकरण, निर्माण, प्रयोग र भण्डारण ।

४.६ निरन्तर मूल्याङ्कन प्रणाली, अक्षराङ्कन पद्धति र नेपालको सन्दर्भमा निरन्तर मूल्याङ्कन प्रणालीको अवस्था ।

## दोश्रो खण्ड

## प्रारम्भिक बाल विकास शिक्षर्कको प्रतियोगीतात्मक विषयगत परीक्षाको पाठ्यकम-२०७९

## पूर्णाङ्क: ८०

**एकाइ एक:नेपालको शिक्षा पद्धति तथा शिक्षाका नीतिहरु :**

१.१ शिक्षाका राष्ट्रिय उद्धेस्यहरु, नेपालको विद्यालयको संरचना, प्रारम्भिक बाल विकास र शिक्षा ।

१.२ शिक्षामा संलग्न राष्ट्रिय स्तरका सङ्घसंस्था र निकायहरुको परिचय तथा भूमिका ।

(क) सङ्घीय सरकार (राष्ट्रिय शिक्षा नीति २०७६अनुसार)

(ख) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, शिक्षा सेवा आयोग, पाठ्यकम विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड सम्बन्धि सामान्य ज्ञान ।

१.३ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यकम २०७७

(क) आधारभूत सिप सिकाइका क्षेत्रहरु( शारीरिक सिपहरु, संवेगात्मक सिपहरु, सामाजिक, सांस्कृतिक र नैतिक सिपहरु, बौद्धिक तथा मानसिक सिपहरु, स्वास्थ्य, पोषण, सुरक्षा र  वातावरण सिपहरु र सिर्जनात्मक सिपहरु)

(ख) विषयगत सिप सिकाइका क्षेत्रहरु( भाषिक सिपहरु, पूर्वगणितिय सिपहरु, दृश्यकला, कार्यतरिका र सिर्जनशीलता, वातावरण र विज्ञान, सामाजिक अध्ययन)

**एकाइ दुई : नेपालको शिक्षा सम्बन्धि प्रदेश तथा स्थानीय सरकारको भूमिका , ऐन तथा नीतिहरु:**

२.१ शिक्षामा संलग्न प्रदेश स्तरका सङ्घसंस्था र निकायहरुको परिचय तथा भूमिका ।

(क) प्रदेश सरकारको नीतिहरु (राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार)

(ख) सामाजिक विकास मन्त्रालय र शिक्षा विकास निर्देशनालयको परिचय ।

२.२ स्थानीय तहमा रहेका शिक्षामा संलग्न सङ्घसंस्थाहरु र तिनीहरुबाट दिइने सेवा:

(क) स्थानीय सरकार (राष्ट्रिय शिक्षा नीति २०७६)को शिक्षा सम्बन्धी नीतिहरु ।

(ख) गाउँ शिक्षा वा नगर शिक्षा समितिको गठन र काम, कर्तव्य र अधिकार ।

(ग) विद्यालय व्यवस्थापन समिति सम्बन्धि (महालक्ष्मी नगरपाकि शिक्षा ऐन २०४६ अनुसार) गठन र काम, कर्तव्य र अधिकार ।

**एकाइ तीन : शैक्षणिक योजना र कक्षा कोठा व्यवस्थापन:**

३.१ शैक्षिणिक योजना: परिचय, आवश्यक्ता, निर्माण र प्रयोग ( वार्षिक कार्य तालिका, वार्षिक शैक्षिक योजना, एकाइ योजना, दैनिक पाठयोजना र दैनिक कार्यतालिका), कक्षाकोठा व्यवस्थापन (अवधारणा र महत्व, कक्षाकोठाको वातावरण र बसाइ व्यवस्थापन )

३.२ शैक्षिणिक व्यवस्थापन: कक्षा शिक्षण, र बहुकक्षा शिक्षण, कक्षा कोठामा विविधता व्यवस्थापन (भाषिक, सामाजिक, सिकाइ क्षमता, बौद्धिक र शारीरिक) ।

३.३ शैक्षिक सामग्री र शैक्षिक सुधार: शैक्षिक सामग्रीको प्रकार र निर्माण, प्रारम्भिक बालविकास सहजीकरणमा प्रयोग हुने र प्रयोग गर्न सकिने शैक्षिक सामग्री निर्माण र प्रयोग ।

३.४ विद्यालय समुदाय सम्बन्ध: विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व, समुदायको विकासमा विद्यालयको योगदान, विद्यालय र समुदाय बीच सम्बन्ध ।

**एकाइ चार : बाल मनोविज्ञान:**

४.१ : बालमनोविज्ञान:अर्थ, क्षेत्र, आवश्यक्ता र महत्व, प्रारम्भिक बालविकास सहजीकरणमा बालमनोविज्ञानको प्रयोग

४.२ : मानव बृद्धि र विकास: बृद्धि र विकासको अवधारणा, मानव विकासका विशेषताहरु र मानव विकासका चरणहरु ।

४.३ : पूर्व वाल्यावस्था तथा उत्तर वाल्यावस्था: परिचय, विकासात्मक कार्य, विशेषताहरु, शारीरिक र संवेगात्मक परिवर्तन तथा प्रभाव, रुचिहरु, संकटहरु, पूर्व र उत्तरवाल्यावस्थाका विद्यार्थीको सुरक्षित विकासमा शिक्षक र अभिभावकको भूमिका ।

४.४ पूर्वबाल्यवस्था बोली र भाषाको विकास ।

४.५ पूर्वबाल्यवस्थाको संवेगात्मक स्वरुप वा ढाचाँहरु ।

४.६ पूर्वबाल्यवस्थामा सामाजिक र पारिवारिक सम्वन्ध ।

४.७ : सिकाइ: अर्थ, स्वरुप र शैलीहरु, परिपक्वता र सिकाइ बीच अन्तर सम्बन्ध, स्व प्रतिविम्वन र सिकाइ, सिकाइमा स्थानान्तरण, स्मरण र विस्मरण, उत्प्रेरणा र सिकाइ ।

**एकाइ पाँच : पूर्वबाल्यावस्थाको सहजीकरण विधि र मूल्याङ्कन**

५.१ : सहजीकरण विधि: प्रारम्भिक बालबालिकाहरुमा गरिने कृयाकलाप तथा सहजीकरण विधि (परिचय, विशेषताहरु, सहजीकरण विधिको बर्गीकरण र प्रयोग), शिक्षर्क निर्देशिकासँग सहजीकरण विधिको सम्बन्ध ।

५.२ : शैक्षणिक प्रविधि: अर्थ, परिभाषा, महत्व, वर्तमान अभ्यास, व्यवस्थापन र प्रयोग ।

५.३ : मूल्याङ्कन: को मूल्याङ्क अवधारणा, उद्देश्य, प्रकारहरु, शिक्षर्क निर्मित मूल्याङ्कन र स्तरीकृत मूल्याङ्कन, मूल्याङ्कनका साधनहरु र प्रयोग तथा प्रयोग हुने मूल्याङ्कनका विधि तथा प्रक्रियाहरु ।

५.४: मूल्याङ्कनका अन्य साधनहरु: अवलोकन, श्रेणीमापन, रुजु सूची, सञ्चित अभिलेख, घटनावृत अभिलेख र कार्य संचयिका ।

**एकाइ छः सामाजिक अध्ययन, वातावरण विज्ञान :**

६.१ : स्वधारणा, संस्कृति, बानीको विकास, सद्भावना र मेलमिलाप, स्वावलम्बन, नेतृत्वसिपको विकास ।

६.२ : समाज र संस्कृति: समाज, संकृति र मानवीय सम्बन्ध तथा सामाजिक समस्या , कारण र समाधानका उपायहरु, सरकारी र गैरसरकारी नियकाहरुको भूमिका ।

६.३ :वनस्पति तथा बोट बिरुवा, वस्तु/पदार्थ, हावा पानी तथा वातावरण,मौसम,औजार र मेशिन, शक्ति/उर्जा, यातायात र सञ्चार सम्वन्धि व्यवहारिक ज्ञान ।

६.४: नागरिक सचेतना र मानव मूल्य शिक्षा: नागरिक शिक्षा, नागरिकका मौलिक हक र अधिकार, सामाजिक मूल्य र मान्यताहरु र मूल्यमा आधारित शिक्षा, नेपालको राज्य संरचना ( सङ्घ, प्रदेश र स्थानीय निकाय) र स्थानीय तहहरुको गठन प्रकिया तथा काम, कर्तव्य र अधिकार ।

**एकाइ सात : स्वास्थ्य शारीरिक शिक्षा तथा सिर्जनात्मक कला:**

७.१ : व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाइ : व्यक्तिगत सरसफाइ, वातावरणीय सरसफाइ, फोहो व्यवस्थापन तथा कुहिने फोहोरबाट जैविक मल निर्माण ।

७.२ : प्राथमिक उपचार: परिचय, महत्व, पारिवारिक र सामुदायिक स्वास्थ्य सेवा, घर, विद्यालय र खेल मैदानमा हुने दुर्घटना, प्राथमिक उपचार तथा दुर्घटनाबाट बच्ने उपायहरु, धुम्रपान, मध्यपान र लागू पदार्थको दुर्व्यसनबाट व्यक्ति, परिवार र समाजलाई पर्ने असर र यसबाट बच्ने उपायहरु ।

७.३ : शारीरिक शिक्षाका आधारभूत सीपहरु: गतिशील अवस्थाका सीपहरु ( दौड, रिलेखेल, हाइजम्प, लङ्जम्प आदि), स्थिर अवस्थाका सीपहरु, साधारण तथा स्थानीय खेलहरु, कवाज र शारीरिक ब्यायाम, योग, योगासन र योगाभ्यास ।

**एकाइ आठ : भाषा तथा पाठ्यकम**

८.१: नेपाली मातृभाषा तथा स्थानीय भाषा सम्बन्धमा भएका नीतिगत प्रयास: नेपाली मातृभाषा तथा स्थानीय भाषा सम्बन्धमा नेपालको संविधानले गरेको व्यवस्था, कानूनी र संरचनागत व्यवस्था ।

८.२ : पाठ्यकम:अर्थ, परिभाषा, महत्व, पाठ्यकमका आधारभूत तत्वहरु, पाठ्यकम निर्माणका आधारहरु

८.३: स्थानीय पाठ्यकम कार्यान्वयन र सिकाइमा प्रभाव पार्ने तत्वहरु: जनशक्ति व्यवस्थापन, बहुभाषी समाज र भाषिक विविधता ।

## प्रश्न पत्र निर्माण विशिष्टिकरण तालिका

| प्रश्नको प्रकार | प्रश्नको प्रकृति | प्रश्न सङ्ख्या | विषय बस्तुहरु | प्रश्न सङ्ख्या | प्रत्येक प्रश्नको अङ्क | समय |
|---|---|---|---|---|---|---|
| बस्तुगत प्रश्न | बहुवैकल्पिक उत्तरात्मक प्रश्न | २० | विश्वको भूगोल तथा नेपालको भूगोल, इतिहास, संस्कृति, सामाजिक, आर्थिक व्यवस्था र विकासक्रम | ६ | १ | २० मिनेट |
| | | | वातावरण, विज्ञान,सूचना तथा सञ्चार प्रविधिको सामान्य ज्ञान | ४ | | |
| | | | संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमहरु | ५ | | |
| | | | शिक्षा, शिक्षा मनोविज्ञान, सिकाइ, पाठ्यक्रम, शिक्षण विधि, विद्यार्थी मूल्याङ्कन र परीक्षा : | ५ | | |
| विषयत प्रश्न | विवेचनात्मक तथा विवरणात्मक | ८ | सबै एकाइहरु समेट्ने गरी परीक्षार्थीको मौलिकता झल्किने उत्तरात्मक प्रश्नहरु | ८ | ८ | २ घण्टा ४० मिनेट |

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश
ललितपुर
२०७३